दर्ता नं.

# कालीखोला सामुदायिक वन उपभोक्ता समूह

कैलाश ५, मकवानपुर

मान बहादुर

प.सं.: २०८३/०८४

च.नं.:

## वोलपत्रद्वारा वन पैदावार ( काठ,दाउरा ) लिलाम विक्रि सम्वन्धि सूचना

**(प्रथम पटक सूचना पकाशन मितिः२०८३।०६।०१)**

यस कालीखोला सामुदायिक वन उपभोक्ता समूह, कैलाश गाउपालिका ५, मकवानपुरको रुख, पोल हटाउन स्विकृती दिने भनि नेपाल सरकार म.प.वै.न. ३८।०८ः मिति २०८२।०८।१५ मा भएको निर्णय वमोजिम वन तथा भू संरक्षण विभाग र विग प्लस मिनरल्स प्रा.लि. काठमाण्डौ विच मिति २०८२।१२।०१ म सम्झौता भई डिभिजन वन कार्यालय राप्ती मनहरी मकवानपुरको मिति २०८३/०१/०४ गतेको च.नं. ११२६ को पत्रवाट वन पेशी सहमति अनुसार रुखहर कटान मुछान गरी उत्पादन भएको गोलिया थान ५३८ को ३५११।८१ क्यू.फि. काठ र १८।०० चट्टा दाउरा वोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुद जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण (Cft.) | दर रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खर्सु | गोलिया | ३२५ | १३१९.४१ | १००.०० | १३१९४१/- | |
| २ | | फलाँट | गोलिया | १६ | ४५.९३ | १००.०० | ४५९३/- | |
| ३ | | अन्य | गोलिया | ३६ | ७२.८४ | १००.०० | ७२८४/- | |
| | | जम्मा | | ३७७ | १४३८.१८ | | १४३८१८/- | |
| १ | २ | खर्सु | गोलिया | ८६ | १४६८.४७ | १००.०० | १४६८४७/- | |
| २ | | अन्य | गोलिया | ४ | ५.०८ | १००.०० | ५०८/- | |
| | | जम्मा | | ९० | १४७३.५५ | | १४७३५५/- | |
| १ | ३ | खर्सु | गोलिया | ३१ | ३५२.२० | १००.०० | ३५२२०/- | |
| २ | | फलाँट | गोलिया | ४ | १२.३० | १००.०० | १२३०/- | |
| ३ | | अन्य | गोलिया | ३६ | २३५.४६ | १००.०० | २३५४६/- | |
| ४ | | दाउरा | चट्टा | | १८.०० | ४०००.०० | ७२०००/- | |
| | | जम्मा | | ७१ | काठ ६००.०८ क्यू. फि. र दाउरा १८ चट्टा । | | १३२००८/- | |
| कुल जम्मा | | | काठ ३५११.८१ क्यू. फि. र दाउरा १८ चट्टा । | | | | ४,२३,१८१/- | |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

क) वोलपत्र खरिद गर्ने अन्तिम मिति ०८३/०६/२१ गते, समयः दिनको ५.०० वजे सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मिति ०८३/०६/२२ गते समय दिनको १२..०० वजे सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोली पल्ट वा कार्यालय खुल्ने पहिलो दिन खरिद गरी सोको भोली पल्ट दाखिल गर्न सकिने छ ।

३. वोलपत्र डिभिजन वन कार्यालय, राप्ती र यस समूहको कार्यलयवाट खरिद र दाखिला गर्न सकिने छ ।

४. वोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको पालुङ्ग स्थित नेपाल वैंक लिमिटेड शाखा कार्यालयमा पालुङ्गमा रहेको चल्ती खाता नं ०९३००१०८१५४२३७००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्ने छ ।

५. वोलपत्र फारममा उल्लेखित वन पेदावारको न्यूनतम मूल्य रु.१,००,०००।- भन्दा कम भए रु. ३००।- र न्यूनतम रु.१,००,०००।- भन्दा वढी भए प्रति लटको रु. १०००।०० (पछि फिर्ता नहुने गरी) तिरी यस समूहवाट खरिद गर्न सकिने छ ।

६. लिलाम वढावढ हुने वन पैदावार (काठ,दाउरा) कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक काष्ठ व्यवसायी,संघ संस्था,फर्म वा कम्पनीका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्ने छ

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरू मिति २०८३/०६/२२ गते दिनको २.०० वजे साक्षीहरूको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परे वोलपत्र दाखिला भएको दिन खोलिने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा मूल्य अभिवृद्धि कर,संकलन खर्च समेत छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्नेछ ।

१०. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

११. वोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ ।

CamScanner